## बेलौरी नगरकार्यपालिकाको मिति २०८३।०२।०७ गते बसेको बैठकका निर्णयहरु

निर्णय नं. १) प्रस्ताव नं. १ माथि छलफल गर्दा विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८३ स्वीकृत गर्ने।

निर्णय नं. २) प्रस्ताव नं. २ माथि छलफल गर्दा नगर विपद् व्यवस्थापन समितिको मिति २०८३।०१।२३ गते बसेको बैठकको निर्णय नं. ३ बमोजिम, आगामी वर्षायाममा हुन सक्ने बाढी तथा डुबानको जोखिम न्यूनीकरण गर्न र पूर्वतयारी कार्यलाई थप व्यवस्थित बनाउन नगरपालिका क्षेत्रभित्रका ढल, नाला तथा पानी निकासका मार्गहरूमा रहेका अवरोधहरू तत्काल हटाई सरसफाइ कार्य अगाडि बढाउने र उक्त कार्य वडा कार्यालयहरूबाट माग भई आएका क्षेत्रहरूमा प्राथमिकताका आधारमा सञ्चालन गर्ने। सोका लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन प्रकोप व्यवस्थापन कोषबाट गर्ने।

निर्णय नं. ३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस कार्यालयमा रहेको शव वाहन तपसिल बमोजिम सञ्चालन गर्ने ।

क) शव वाहनको सेवा बेलौरी नगरपालिका क्षेत्रभित्र घर देखि स्थानिय घाटसम्म निःशुल्क उपलब्ध गराइनेछ।

ख) नगरपालिका क्षेत्रभन्दा बाहिरको घाटसम्म जानुपरेमा जाने-आउने दुवै तर्फको दुरीलाई गणना गरी प्रति किलोमिटर रु. ३० का दरले शुल्क लाग्नेछ।

ग) चालकको कामको प्रकृति र जोखिमलाई मध्यनजर गर्दै, बेलौरी नगरपालिका क्षेत्रभित्र घर देखि स्थानिय घाटसम्म प्रति शव बापत रु. १,००० र नगरपालिका क्षेत्रभन्दा बाहिरको घाटसम्म प्रति शव बापत रु. १,५०० चालकलाई प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।

निर्णय नं. ४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कार्यालयमा रहेको वारुणयन्त्र (दमकल) मार्फत सञ्चालन हुने आगलागी नियन्त्रण कार्य उच्च जोखिमयुक्त तथा जुनसुकै समयमा (२४ सै घण्टा) खटिनुपर्ने प्रकृतिको भएकाले नियमित मासिक पारिश्रमिकका अतिरिक्त देहाय बमोजिमका सेवा-सुविधा उपलब्ध गराउने निर्णय गरियो।

क) **जोखिम भत्ता (Risk Allowance):** वारुणयन्त्रमा कार्यरत चालक, सह-चालक र फायरम्यानलाई उनीहरूको मासिक तलबको २०% जोखिम भत्ता उपलब्ध गराइनेछ।

ख) **खाना तथा खाजा खर्चः** सार्वजनिक बिदाको दिन र रातिको समयमा खटिने चालक, सह-चालक र फायरम्यानलाई प्रतिव्यक्ति रु. २०० बराबरको अतिरिक्त खाना/खाजा खर्च उपलब्ध गराइनेछ।

ग) **संचार खर्चः** वारुणयन्त्रमा कार्यरत चालक, सह-चालक र फायरम्यानलाई सञ्चार खर्च बापत प्रत्येक महिना रु. ३०० सञ्चार खर्च उपलब्ध गराइनेछ।

बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

<u>निर्णय नं. ५)</u> प्रस्ताव नं. ५ माथि छलफल गर्दा तपसिलका ठेक्काको म्याद थप गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र. स | योजना को नाम | ठेक्का न. | सुरूको सम्झौता मिति | सुरूको सम्पन्न गर्नुपर्ने मिति | म्याद थप पछिको सम्पन्न गर्नुपर्ने मिति | म्याद थप गर्नुपर्ने अवधि | कै |
|---|---|---|---|---|---|---|---|
| १ | *Construction Shiva Temple Ward No.1 Fatiya* | **BELMUN /NCB/T/081/082-07** | ***Ashad -32 2082*** | ***Ashoj-01 - 2082*** | ***2082 Falgun End*** | २०८३ असार १५ गते सम्म | |
| २ | *Construction of Black top road from Kranti Chowk to Belauri Kaluwapur Connecting road* | **BELMUN /NCB/W/80/81-14** | ***Ashad -21 2081*** | ***Falgun -21 2081*** | ***2083 Baisakh End*** | २०८३ असार १५ गते सम्म | |
| ३ | *Construction of Black top road from Sundar Chau Home to Old Ward office Contract Identification* | **BELMUN /NCB/W/080/081-15** | ***Ashad -21 2081*** | ***Falgun-21 2081*** | ***2083 Baisakh End*** | २०८३ असार १५ गते सम्म | |

<u>निर्णय नं. ६)</u> प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस बेलौरी नगरपालिकाको आ.व. २०८२/०८३ को नगरस्तरीय योजना अन्तर्गत "शिव मन्दिर निर्माण, देहरादुन टोल, बेलौरी नगरपालिका-२" का लागि रु. ३,००,०००।- बजेट विनियोजन भएकोमा उक्त निर्माण कार्यको प्राविधिक इस्टिमेट अनुसार कुल लागत अनुमान रु. १८ लाख कायम हुन आएकोले सार्वजनिक खरिद ऐन तथा प्रचलित सार्वजनिक खरिद नियमावली बमोजिम उक्त कार्य शिलबन्दी दरभाउपत्र (Sealed Quotation) मार्फत गर्नुपर्ने देखिएकाले स्वीकृत कुल लागत अनुमानको आधारमा चालु आ.व. २०८२/०८३ मै शिलबन्दी दरभाउपत्र आह्वान गरी निर्माण कार्य अगाडि बढाउने र आगामी आ.व. २०८३/०८४ को बजेट (भुक्तानी बाँकी बजेट) मा समावेश गरी भुक्तानी गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ७)</u> प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस बेलौरी नगरपालिकाको आ.व. २०८२/०८३ को नगरस्तरीय योजना अन्तर्गत "कलकत्ता बरैया रोडदेखि गुरूदयार रानाको घर जाने सडक स्तरोन्नति, बेलौरी नगरपालिका-८" का लागि रु. १०,००,०००।- बजेट विनियोजन भएकोमा उक्त निर्माण कार्यको प्राविधिक इस्टिमेट अनुसार कुल लागत अनुमान रु. ८२,५५,६१२।- कायम हुन आएकोले सार्वजनिक खरिद ऐन तथा प्रचलित सार्वजनिक खरिद नियमावली बमोजिम उक्त कार्य बोलपत्र आव्हान (Tender) मार्फत गर्नुपर्ने देखिएकाले स्वीकृत कुल लागत अनुमानको आधारमा चालु आ.व. २०८२/०८३ मै बोलपत्र आव्हान गरी निर्माण कार्य अगाडि बढाउने र आगामी आ.व. २०८३/०८४ को बजेट (भुक्तानी बाँकी बजेट) मा समावेश गरी भुक्तानी गर्ने निर्णय गरियो।

खेम राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

**निर्णय नं. ८)** प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुका प्रधानाध्यापकहरूसँग मिति २०८३।०१।३० गते सम्पन्न बैठकमा छलफल गर्दा अत्यधिक गर्मीका कारण कक्षा कोठमा पठनपाठन गर्न असहज अवस्था सिर्जना भएकाले विद्यालयमा पङ्खा उपलब्ध गराउनुपर्ने माग भएको सन्दर्भमा नगरपालिकाबाट प्राविधिक टोली खटाई मर्मत गर्नुपर्ने र पङ्खा उपलब्ध गराउनुपर्ने विद्यालयको संख्या यकिन गरी पेश भएको प्रतिवेदनका आधारमा सम्बन्धित वडाका वडा अध्यक्षहरुसँगको समन्वयमा सामुदायिक विद्यालयहरुलाई आवश्यकताका आधारमा पङ्खा उपलब्ध गराउने र बिग्रेका पङ्खा मर्मत गर्ने।

**निर्णय नं. ९)** प्रस्ताव नं. ९ माथि छलफल गर्दा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) बजेट कोड ८०७७६४०४५१२ अन्तर्गत "आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि" (कार्यक्रम कोड ८३५.२२.१.५३८) का लागि विनियोजित कुल रकम रु. १,३०,००,०००।- (अक्षरेपी एक करोड तीस लाख रुपैयाँ मात्र) मध्ये, संघीय सरकारसमक्ष पेश गरिएको विशेष अनुदान प्रस्तावमा फिजियोथेरापी आधारभूत सेटअप स्थापना सम्बन्धी विषय समावेश हुन नसकेको भए तापनि, कार्यक्रमको उद्देश्य, स्थानीय आवश्यकता, सेवाग्राहीको हित र आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिलाई मध्यनजर गर्दै बेलौरी नगरपालिका अन्तर्गत 'फिजियोथेरापी आधारभूत सेटअप' स्थापना गर्न रु. १०,००,०००।- (अक्षरेपी दश लाख रुपैयाँ मात्र) खर्च गर्ने तथा उक्त स्वीकृत रकमको सीमाभित्र रही फिजियोथेरापी सेवाका लागि आवश्यक सामग्रीहरू सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम खरिद गर्ने।

**निर्णय नं. १०)** प्रस्ताव नं. १० माथि छलफल गर्दा विभिन्न समयमा मर्मत सम्भार गरिएका तर भुक्तानी हुन नसकेका व्यकहो लोडर लगायतका मेसिनरी औजार तथा सवारी साधानहरुको मर्मत सम्भारमा भएको खर्चका सम्बन्धमा चालु आर्थिक वर्षमा विनियोजन भएको तर खर्च नभएको अन्य शिर्षकबाट भुक्तानी गर्ने र नपुग रकम आगामी आ.व. मा भुक्तानी हुने गरी बजेट विनियोजन गर्ने ।

बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

खेम राज जोशी
प्रमुख प्रशासकीय अधिकृत